नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय

साझेदारीमा कृषि उपज बजार पूर्वाधार निर्माण सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७१/०१/२०

१. यस निर्देशनालयले आ.व. ०७१/०७२ का लागि प्रस्ताव गरेको कार्यक्रम अनुसार कृषि सहकारी संस्था, कृषक समूह र वस्तुगत संघ, संगठनले साझेदारीमा कृषि उपज बजार पूर्वाधार निर्माण गर्न चाहेमा र लगानी गर्न सक्षम भएमा निर्माणका लागि लागतको कम्तिमा १५% व्यहोर्ने गरी निम्न बमोजिमको आवश्यक कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा प्रस्ताव पेश गर्न सूचित गरिन्छ ।

क. निर्धारित फाराममा भरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन (फाराम निर्देशनालयको वेभसाइट agribiz.gov.np मा डाउनलोड गरी हेर्न सकिने छ) ।

ख. प्रस्तावक संस्था नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ग. बजार निर्माण गर्न संस्थाको निजी जग्गा भएमा त्यसको लालपूर्जाको प्रमाणित प्रतिलिपी । यदि नीजि जग्गा नभएमा कम्तिमा ३० (तीस) वर्षको लागि जग्गा उपलब्ध भएको प्रमाणको कागजात ।

घ. प्रस्तावकको नाममा बैंकमा मौज्दात रहेको रकमको स्टेटमेण्ट ।

ङ. साझेदारी संस्थाको वार्षिक कुल आय तथा मुनाफाको प्रमाण कागज ।

च. लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

छ. आवेदक संस्थाको निर्माण कार्यको योजना र साझेदारीका लागि माग गर्ने निर्णयको प्रतिलिपी ।

२. जिल्ला कृषि विकास कार्यालयमा प्रस्तावहरु प्राप्त भएपछि कार्यालयले साझेदारीमा कृषि बजार पूर्वाधार निर्माण तथा संचालन सम्बन्धि निर्देशिका २०६८ अनुसार मूल्याङ्कन गरी यथासक्य छिटो जिल्ला कृषि विकास समितिबाट निर्णय गराई सिफारिस साथ १० (दश) दिनभित्र एक जिल्लाले बढीमा २ (दुई) वटा मात्र प्रस्ताव यस निर्देशनालयमा पठाउने ।

३. जिल्ला कृषि विकास कार्यालयबाट प्राप्त भएका प्रस्तावहरु आ.व. २०७१/०७२ को बजेट स्वीकृत भई आएपछि मात्र कृषि बजार पूर्वाधार निर्माण तथा संचालन सम्बन्धि निर्देशिका २०६८ (संसोधन सहित) का आधारमा अन्तिम मूल्याङ्कन गरिने छ ।

४. आ.व.२०७१/०७२ को बजेटमा साझेदारीमा कृषि उपज बजार पूर्वाधार निर्माण गर्न स्वीकृत बजेटको परिधिसम्म मात्र प्रस्ताव स्वीकृत गरिने छ । प्रस्तावित कार्यक्रम बजेट स्वीकृत भई नआएमा प्रस्तावकहरुलाई क्रमागत त्यसपछिको आ.व. का लागि छनौट गर्न सकिने छ ।

५. हाल कार्यविधि संसोधन प्रकृयामा रहेकोले निवेदन संकलन तथा मूल्याङ्कनको क्रममा संसोधन भई आएमा त्यसपछि सोही बमोजिम प्रस्तावकको मूल्याङ्कन तथा कारवाही गरिने छ ।

६. कुनै प्रकृया नपुगी प्रस्ताव आएमा वा कुनै कारणबस प्राप्त प्रस्ताव एकल, आंशिक वा पूर्ण रुपमा रद्द गर्ने अधिकार यस निर्देशनालयमा रहने छ ।

२०६१/०१/२० गोरखापत्र